ASSESSMENT FRAMEWORK

National Assessment of Student Achievement, Grade 5 (Nepali, English, Mathematics and Science & Technology) 2025

Government of Nepal

Ministry of Education, Science & Technology

Education Review Office

Sanothimi, Bhaktapur

Assessment Framework

National Assessment of Student Achievement,

Grade 5

(Nepali, English, Mathematics and Science and Technology)

2025

Government of Nepal

Ministry of Education, Science and Technology

Education Review Office

Sanothimi, Bhaktpur

Forward

Education Review Office (ERO) established in 2010, has been conducting the National Assessment of Student Achievement (NASA) since 2011. ERO has been accomplishing several rounds of national assessments for the students of grades 3, 5, 8, and 10. Consolidating the experiences gained from previous NASA as well as international practices on students' assessment, ERO has been planning for the next rounds of NASA at Grade 5.

NASA Framework 2025 for grade 5 has been prepared in order to guide the assessment process, including items development, sampling, and other methodological design, formulating contextual background questionnaires, and analysing the data. The first chapter of this document includes conceptual discussion on large-scale assessment, norms and criterion criterion-referenced assessment, and assessment framework. Chapter 2 presents an assessment framework for Nepali, English, Mathematics, and Science and Technology subjects of grade 5, which includes identification of the domain to be tested, learning competencies and performance standards, and test specifications for each of the four subjects. Chapters 3 and 4, respectively, include a framework for contextual variables and assessment design.

During the development of this framework, recent international practices on assessment, such as the assessment frameworks for PISA, TIMSS and PIRLS have been reviewed extensively. Besides a large number of subject experts, assessment experts, and subject teachers have contributed to shaping the learning competency, performance standards, and identifying the level of the cognitive domain.

This document is a product of the collaborative efforts of a number of persons and agencies. I acknowledge all of them for their contribution and support during the development and finalisation of this document on the Assessment Framework for National Assessment of Student Achievement for grade 5.

As we consider this a living document, it could be updated and revised if needed. We welcome constructive feedback and suggestions to improve this framework.

Jayaram Adhikari

Director General

Acknowledgements

Education Review Office (ERO) acknowledges the following agencies and persons for their contribution and support during the development of learning competencies, standards, model items, and the development and finalisation of this document on Assessment Framework for National Assessment of Student Achievement for grade 5.

Core team of Nepali subject

1. Mr. Umesh Kafle - Assistant professor, Tribhuban University
2. Mr. Sachitananda Ghimire - Teacher, Bajrabarahi Secondary School
3. Mr. Rajendra Rimal - Teacher, Namuna Machhindra Secondary School
4. Ms. Nirmala Kumari Dahal - Teacher, Binayak Saraswoti Secondary School
5. Ms. Indu Khanal - Technical Officer, ERO

Core team of English subject

1. Mr. Rebat Kumar Dhakal – Assistant Professor Kathmandu University
2. Mr. Matrika Subedi - Teacher, Ganesh Secondary School, Budhanilkantha
3. Mr. Ramesh Dhakal - Teacher, Panchayat Secondary School, Nagarjun
4. Mr. Prakash Bhattarai - Teacher, Kritipur Secondary School
5. Mr. Narendra Bahadur Bogati - Technical Officer, ERO

Core team of Mathematic subject

1. Mr. Krishna Prasad Adhikari - Assistant professor, Tribhuban University
2. Mr. Narhari Acharya - Assistant Professor Sanothimi Campus
3. Ms. Nirmala Gautam - Teacher, Bidhya Mandir Secondary School
4. Mr. Shakti Prasad Acharya - Teacher, Gyalaksy Public School, Gyaneshor
5. Ms. Reetu Shrestha - Technical Officer, ERO

Core team of Science and Technology subject

1. Mr. Mohan Kumar Paudel - Assistant professor, Tribhuban University
2. Ms. Mina Shrestha - Teacher, Mangaldevi Secondary School, Gausala
3. Mr. Naniram Sanjel - Teacher, Saraswoti Secondary School, Godawori
4. Mr. Jaya Prakash Lal Shreevastab - Retired Teacher, Prabhat Secondary School, Lalitpur
5. Mr. Sanjeev Kumar Chaudhary - Technical Officer, ERO

Abbreviations

BPEP	Basic and Primary Education Programme
CERID	Research Center for Educational Innovation and Development
CERSOD	Center for Educational Research and Social Development
CDC	Curriculum Development Centre
CRT	Criterion-Referenced Test
EDSC	Education and Development Service Centre
ERO	Education Review Office
IRT	Item Response Theory
MOEST	Ministry of Education, Science and Technology
NASA	National Assessment of Student Achievement
NCF	National Curriculum Framework
NRT	Norm-Referenced Test
OECD	Organisation for Economic Co-operation and Development
PIRLS	Progress in International Reading Literacy Study
PPS	Probability Proportional to Size
PISA	Programme for International Student Assessment
TIMSS	Trends in International Mathematics and Science
EMIS	Education Management Information System

Contents

Chapter 1
Introduction

1.1 Background

Education Review Office (ERO) is conducting the National Assessment of Student Achievement (NASA) for grades 5, 8, and 10. NASA is "designed to describe the achievement of students in a curriculum area aggregated to provide an estimate of the achievement level in the education system as a whole at a particular age or grade level" (Greaney & Kellaghan, 2008, p.7). As part of the global educational discourse on 'quality education' and accountability, national assessments are conducted to provide policy inputs to the Ministry of Education, Science, and Technology (MoEST) with critical insights into evaluating the overall effectiveness of educational policies and practices in terms of student achievement. By providing large-scale data on student achievement, national assessments support the education system in assessing its educational policies and programs.

This assessment framework for Nepali, English, Mathematics, Science and Technology subjects in Grade 5 has been prepared with an overall guideline to conduct national assessments of student achievement in these subjects. This framework includes four chapters. The first chapter deals with the rationale and practices of national assessment; introduction of criteria and standard-referenced tests; development of criteria and standards; introduction to the assessment framework; and the methods/processes of developing this framework.

The second chapter presents the assessment frameworks for Nepali, English, Mathematics, Science and Technology. Similarly, Chapter 3 discusses the methodology that will be adopted to carry out NASA for Grade 5. Finally, Chapter 4 presents a framework for assessing contextual factors for student achievement, based on the review of national and international studies. This chapter begins with a brief discussion on the rationale for national assessments.

1.2 Rationale for National Assessment

The main purpose of national assessment is to provide evidence with data for "a type of national education audit carried out to inform policymakers about key aspects of the system" (Greaney & Kellaghan, 2008, p. 7). By focusing on the output aspect of the education system, national assessment is conducted to address the following general questions:

- To what extent are students learning in different subject areas and grades?
- How well are students from particular groups (e.g., gender, ethnicity, geography, and language backgrounds) learning?
- What are the strengths and weaknesses in the existing level of student achievement?
- What are the factors affecting student achievement?
- What resources are available to meet the standard of the government in terms of student achievement?
- Does the level of student achievement change over time?
- What factors influence that change?

In addressing these questions, national assessments not only provide information on the status of student achievements but also offer significant ideas towards the improvement of learning outcomes. Put it differently, national assessments are conducted for both backward- and forward-looking purposes. The backward-looking purpose is concerned mainly with building a database to analyse both the strengths and weaknesses of educational policies and practices that affect students' learning achievement. Similarly, the forward-looking purpose is concerned with changing the policy and reforming education programs and interventions.

National assessment provides information that helps policy-makers to understand the change in students' learning achievement over time. Likewise, it collects data related to the factors affecting learning achievement, which becomes a basis for policy-makers to revise existing policies and guide them to reformulate new ones to strengthen the quality of education (Poudel, 2017).

In addition, national assessments contribute to ensuring equality and access for all children in education. As they provide database evidence on learning achievement in terms of gender, ethnicity, language background, and geographic region, national assessments help policy-makers to understand which groups are performing better and which groups are not. This understanding eventually offers significant insights into creating new policies and designing targeted interventions to ensure equality in education (Poudel, 2016).

As Murphy et. al (1996) claim, national assessments provide "systematic, regular measures of learning achievement in a country that are designed to assist policymaking" (p. 2). Studies from around the globe have also shown that national assessments have been instrumental in policy reforms addressing quality, equity, and access to education (Greaney & Kellaghan, 2008).

1.3 Practice of National Assessment

National assessment is a global practice, and it has a long history as well. The primary focus of national assessment is also similar to other assessments: to inform governments about what reforms are necessary to improve the quality of students' learning from diverse social groups. In Nepal, national assessments of student achievement began in 1995 to assess the basic and primary education program. Before the establishment of Education Review Office (ERO) in 2010, Basic and Primary Education Programme (BPEP) and Department of Education commissioned agencies such as the Education and Development Service Centre (EDSC), Research Center for Educational Innovation and Development (CERID), Center for Educational Research and Social Development (CERSOD) and Fulbright to conduct national assessments of student achievement of various grades.

Since 2011, ERO has completed national assessments of students' achievement in Nepali, English, Mathematics, and Social studies of Grade 8 first time. Then, ERO has conducted different assessments of Grade 8 in 2013, 2017 and 2020. Similarly, NASA for Grade 5 was conducted in 2012, 2015, 2018, and 2022. Likewise, assessment in Grade 10 was conducted in 2019 and 2023. Similarly, the NARN was conducted in 2020 and 2023 as a hybrid model of assessment.

Nepal follows globally accepted practices of conducting national assessments. Although the context of each country is different, there are some major practices that are common to national assessments in all countries. Building on a comprehensive review of national assessments from various countries, in the case of Nepal, the following are the common elements of national assessments:

- The Education Review Office (ERO) is responsible for the national assessment in Nepal.
- ERO develops policies and frameworks for the assessment in consultation with and participation of key stakeholders such as subject experts, teachers, and policymakers.
- ERO takes transitional grades of school educational structure and determines the assessment area/subjects (e.g., literacy or numeracy) to be assessed.
- ERO defines and describes the area of achievement in terms of both content and cognitive skills and develops test items along with supporting questionnaires and manuals for test administration.
- ERO pilot-tests the test with the support of the external experts, reviews its validity, appropriateness, and sensitivity in terms of gender, ethnicity, and culture.
- ERO ensures that the assessment instruments are reliable and valid.
- ERO samples the schools; makes an arrangement for printing the test and other relevant materials; and communicates with the schools and teachers for test administration.
- ERO provides training to test administrators (focal persons, headteachers, and teachers) and administers the test and other survey questionnaires in the selected schools.
- ERO generates achievement test scores and other necessary information, cleans the data, and analyses it.
- ERO prepares draft reports, which the relevant subject committees and external experts will review.
- ERO prepares and disseminates final reports through various means, such as publication and through mass media.
- The MoEST, ERO and relevant stakeholders use the reports and identify the major areas for policy reforms and program interventions.

ERO is going to conduct the NASA Grade 5 in Nepali, English, Mathematics, and Science and Technology in 2026. In this process, as presented in Figure 1, the MoEST approves the program and budget. ERO develops an assessment framework and designs samples for NASA. After that, working with experts and teachers, ERO analyses the curriculum and develops criteria and performance standards in each subject. Then, ERO works with the subject committees to approve the test items for assessment. At the same time, working with experts and practitioners, ERO prepares background questionnaires for students, teachers, and head teachers.

The test items developed by the subject experts will be pre-tested to check their quality, reliability, and validity. Following this, the test items will be revised and finalized by incorporating ideas from the analyses of pre-test results. The test will be administered in the selected schools, followed by marking, data entry, and data cleaning. Then, the data will be analysed and test scores will be equated using IRT modelling. Finally, the reports will be prepared and disseminated among the relevant stakeholders with MoEST and its agencies.



Figure 1: NASA Cycle (ERO)

1.4 Criteria and Standard Referenced Assessment

The upcoming NASA for Grade 5 (Nepali, English, Mathematics and Science and Technology) will adopt a criterion-referenced test (CRT) approach. CRT is a popular approach for assessing students' achievement in specific content areas and skills. Rather than comparing students' scores with the scores of a certain group of students, CRT provides information on how individuals or groups are progressing in specific subject areas (Kubiszyn & Borich, 2007). In other words, CRT assesses whether or not individuals have achieved or failed to achieve specific instructional objectives. The purpose of CRT is to diagnose students' existing learning achievement and identify what progress they have made over time. CRT also helps policymakers to identify what students have not learned yet and what they are expected to learn (Bond, 1996).

In CRT, students are assessed against a predetermined set of 'criteria' and expected to obtain specific marks that define their 'standard'. Criteria, in CRT, are characteristics by which the qualities of students' achievement are judged. Such criteria are determined on the basis of learning objectives set by the national curriculum from specific courses that students are expected to learn. For each criterion, standards are developed that work as a benchmark to identify the level of student achievement.

Standards can be labelled as 'excellent', 'proficient', 'fail', among other options, based on the marks students achieve. Other common terms to label standards are 'grades' (numbers), 'letters', 'bands', and 'marks'.

Table 1 Popular terms to label standards

Marks	32	50	80	100
Letters	D	C	B	A
% Bands	0-39%	40-59%	60-89%	80-100%
Labels	Fail/poor	Competent/average	Advanced/good	Outstanding/Excellent

Although standards vary for different subject areas, they should be consistent with the criteria that are developed to assess students' achievement. More importantly, each standard should be clearly described in terms of the expected quality of achievement. Yet, standards should not be so hard that students cannot succeed, nor should they be so low that all students succeed at the highest level. In addition, each standard should be described clearly and concisely from the national curriculum so that all students can understand the test and what they are expected to perform.

For the national assessment of Grade 5 Nepali, English, Mathematics, and Science and Technology, a group of subject experts develops both criteria and standards in each subject. The standards adopted in NASA 2017 and 2019 for Grades 5 and 10 are a useful reference to develop the standards for NASA 2025. In NASA 2017, there are four levels of standards: below-basic, basic, proficient, and advanced, based on students' performance on different levels of test items. These criteria and standards are informed by both global and national theories and the curriculum framework.

1.5 Developing Criteria and Standards for an Assessment

In order to maintain valididity and reliability of NASA test, ERO develops criteria and standards for NASA. ERO has organised several meetings of teachers and experts to define criteria and standards by analysing the approved curriculum. Similarly, ERO has formed subject committees that are comprised of subject teachers, assessment experts, and experts from universities. These committees and experts refine the criteria and standards by reviewing

national curricula, literature, and past test items. National curriculum framework (NCF) is taken as the base to define content and criteria for different subjects.

The development of test items based on CRT, first, requires a specification of competencies from the learning goals of the curriculum. Each learning objective should be specified into related competencies, which can be presented as criteria against which students' learning achievement can be assessed. The competencies should be measurable, clear and specific, and relevant to students. Second, standards for each competency should be determined; standards could be letters, marks and bands. After this, test items should be written in line with the competencies and their standards. Such test items should be valid, reliable and fair.

1.6 Assessment Framework

ERO follows its own NASA framework; it draws on international theories and practices of assessing students' learning achievement to ensure that the entire assessment process becomes theoretically valid and reliable.



Figure 2: Overall framework for national assessment (ERO)

As presented in the Figure 2, this famework is guided by international practices and NCF: developing and administering test items, producing reports, and discussing factors influencing learning achievements. The major source of information is the national curriculum framework (NCF) and subject-specific curriculum, which guides the overall NASA framework. NCF, which serves as a base for identifying learning goals for different subjects, is prepared by the CDC/MoEST. The content and cognitive domains that are used for the test construction are identified from the curricula of specific subjects. Although NASA prepares test items based on the specific scheme prepared by the experts, it also draws on insights from the learning outcomes and goals from the national curriculum framework. Based on those learning outcomes, the subject expert teacher develops test items, which will be reviewed and finalized by the subject committee. Before finalizing the test items pre-test has been conducted to identify item difficulty, reliability and discrimination index. Based on these criterias, items have been selected to administer the final test. IRT (Item Response Theory) is used to analyse the final assessment data. At the end, the final reports are produced and disseminated among the relevant stakeholders.

NASA draws on data related to different variables such as gender, ethnicity, language, age, and geographical regions to develop a questionnaire related to the background information of students, teachers, and schools. International practices and theories on the assessment of student achievement also provide insights into shaping the NASA framework in Nepal. Although Nepal has its constraints, a study indicates that adapting international frameworks can help Nepal to make its NASA framework more rigorous, valid, and reliable in terms of identifying the actual quality of student learning. For this, they also suggest that instead of participating in these international assessments at this point, Nepal may use some linking items from these tests and compare the results using IRT. As shown in figure, some popular international practices include Trends in International Mathematics and Science Study (TIMSS), Progress in International Literacy Study (PIRLS), and Program for International Student Assessment (PISA). In addition to providing ideas for specifying content and cognitive domains, these international assessment practices also focus on contextual factors influencing learning achievement. In Nepalese context, factors related to peer group, students themselves, home/family, demographics, teacher, economic status, school, physical conditions and leadership are considered as key factors influencing students' learning achievement.

1.7 Method and Process Used to Develop Assessment Framework

A collaborative approach has been adopted to develop this assessment framework. For this purpose, ERO conducted, in a series of meetings, with stakeholders and other officials to make the framework comprehensive. Following their suggestions and feedback, ERO reviewed the previous NASA studies from Nepal and other countries. We went through several literatures on the assessment of students' learning achievement to better understand both the theories and practices of achievement assessment. For the subject-specific framework, we worked closely with the relevant subject experts and subject committees. The initial draft of criteria and standards for each subject prepared in the workshops of subject teachers and experts has been updated and revised with the inputs from the experts and subject committees.

Chapter 2

Subject-wise Assessment Framework

2.1 नेपाली विषयको परीक्षण ढाँचा

परिचय

विद्यार्थीको सिकाइ उपलब्धि मापन र निर्धारणका लागि राष्ट्रिय परीक्षण गरिन्छ । विश्वका धेरै मुलुकमा शिक्षाको गुणस्तर मापन गर्ने साधनका रूपमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई मान्यता दिइएको छ । यस्तो परीक्षणले मूलत: विद्यार्थीको सिकाइ स्तरलाई सङ्ख्यात्मक रूपमा प्रस्तुत गर्छ । यस किसिमको परीक्षणबाट पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिको मापन गरी विद्यार्थीको प्राप्ताङ्कका आधारमा उनीहरूको क्षमताको आकलन गरी विश्लेषणसमेत गरिन्छ । यस्तो परीक्षणले नीति निर्माता र शैक्षिक सरोकारवालाका लागि सिकाइ स्तरमा सुधार ल्याउन आधारभूत सूचना उपलब्ध गराउँछ । यस कार्यबाट सम्बन्धित पक्षलाई शिक्षामा गुणस्तर सुनिश्चितता गर्न आवश्यक पर्ने कार्यक्रम र रणनीतिमा समयानुकूल परिमार्जन गर्नसमेत सहयोग पुग्छ ।

नेपाली भाषाको शिक्षणबाट विद्यार्थीमा भाषिक सिपको विकास गराउने उद्देश्य राखिएको छ । आधारभूत तहमा (कक्षा ५) नेपाली विषयको शिक्षणबाट बोध तथा अभिव्यक्तिगत सक्षमता हासिल हुने अपेक्षा गरिएको छ । कक्षा ५ का लागि निर्धारण गरेका सिकाइ सक्षमता तथा कक्षागत सिकाइ उपलब्धिका आधारमा यो परीक्षण ढाँचा विकास गरिएको छ । यो परीक्षण ढाँचाले शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गर्ने कक्षा ५ को सिकाइ उपलब्धि परीक्षणका लागि तयार पारिने प्रश्न निर्माण गर्न र त्यसबाट आएको नतिजालाई व्याख्या विश्लेषण गर्न आधार प्रदान गर्ने छ । कक्षा ५ का विद्यार्थीमा नेपाली भाषामा हुनुपर्ने न्यूनतम सिकाइ उपलब्धि कुन स्तरमा हासिल भएको छ भन्ने प्रामाणिक आधार लिनका लागि भाषिक सिप परीक्षण एक महत्त्वपूर्ण कार्यप्रक्रिया हो । यो कार्यलाई वस्तुगत र विश्वसनीय बनाउन त्यसका आधारलाई सकेसम्म वस्तुनिष्ठ बनाउनका लागि यो परीक्षण ढाँचा उपयोगी हुने छ ।

यो परीक्षण ढाँचामा विद्यार्थीमा हुने सिकाइ स्तरलाई चार स्तरमा विभाजन गरिएको छ । सिकाइ सक्षमताका चार स्तरमा कक्षा ५ को नेपाली भाषा पाठ्यक्रमको उद्देश्यका आधारमा परीक्षण क्षेत्र र विषयवस्तु निर्धारण गरिएको छ । सिकाइ सक्षमताका स्तरको खाका प्रस्तुतिपछि सम्भाव्य संज्ञानात्मक क्षेत्रको पहिचानका साथै प्रश्नपत्र तयार गर्नका लागि विशिष्टीकरण तालिका प्रस्तुत गरिएको छ । यो ढाँचा तयार पार्दा स्तर निर्धारण र संज्ञानात्मक क्षेत्रसम्बन्धी सिद्धान्त र अभ्यास, सम्बद्ध शिक्षक, विशेषज्ञ एवम् संस्थागत अनुभवलाई समेत उपयोग गरिएको छ । तहअनुसारको सिकाइस्तरलाई वस्तुगत किसिमले व्याख्या गरिएको छ । भाषिक सिकाइका चार सिपमध्ये पढाइ र लेखाइका सिकाइ उपलब्धि मात्र यस परीक्षण ढाँचामा समाविष्ट छन् । आधारभूत तह (कक्षा ५) को स्वीकृत पाठ्यक्रममा उल्लेख गरिएका सिकाइ उपलब्धि र त्यसको विस्तृतीकरणका आधारमा यो परीक्षण ढाँचा विकास गरिएको हुनाले यसमा प्रयोग भएका तह र स्तर भन्नाले आधारभूत तह कक्षा ५ को पाठ्यक्रममा आधारित भई विद्यार्थीले हासिल गरेको सिकाइको स्तरलाई बुझाउने छ । पाठ्यक्रममा निर्धारित भाषिक सिपमा सक्षमता विकास गर्न कविता, कथा, निबन्ध, जीवनी, व्यावहारिक लेखन र रूपक विधाका सामग्री पाठ्यपुस्तकमा समावेश गरिएका छन् । पाठ्यवस्तुका रूपमा रहेका विधा शिक्षण सिकाइबाट पाठ्यक्रमद्वारा निर्धारित भाषिक सिपमा सक्षमता हासिल भए नभएको सुनिश्चित गर्न सिकाइ परीक्षण तथा मूल्याङ्कन ढाँचा निर्धारित गरिएको छ ।

नेपाली विषय कक्षा ५ को विद्यार्थी उपलब्धि परीक्षणको उद्देश्य

१. पाठ्यक्रममा आधारित भएर विद्यार्थीको पढाइ र लेखाइ सिपसँग सम्बन्धित सिकाइ अवस्थाको पहिचान गर्नु
२. कक्षा ५ का विद्यार्थीको नेपाली विषयमा औसत सिकाइ उपलब्धिको लेखाजोखा गर्नु
३. लिङ्ग, जाति, भाषा, सामाजिक तथा आर्थिक अवस्था, भौगोलिक अवस्थितिलगायत चर र त्यसको प्रभावका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गर्नु
४. विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्त्वको पहिचान र विश्लेषण गर्नु
५. विभिन्न समयमा गरिने विद्यार्थीको सिकाइ उपलब्धिको तुलना गर्नु
६. विद्यालय शिक्षामा गुणस्तर र समताको अभिवृद्धि र सुनिश्चितताका लागि सम्बन्धित पक्षलाई सुझाव उपलब्ध गराउनु

तहगत सक्षमता (कक्षा ४ र ५)

आधारभूत शिक्षा (४-५) को अध्ययनपश्चात् विद्यार्थीमा नेपाली भाषाका निम्नलिखित सक्षमता हासिल हुने छन्:

१. शब्दको अक्षर संरचनागत ध्वनि सचेततासहितको उच्चारण
२. विविध विषयवस्तुमा आधारित मौखिक तथा लिखित सञ्चार
३. पाठको प्रवाहपूर्ण पठन गरी विषयवस्तुको बोध र सन्दर्भपरक अभिव्यक्ति
४. विभिन्न पाठ्यसामग्रीबाट तथ्य, मूल्य एवम् विचार ग्रहण गरी भाषिक कार्य सम्पादन
५. चित्र, वस्तु, घटना, परिवेश र पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र तार्किक अभिव्यक्ति
६. सामाजिक र सांस्कृतिक मूल्यप्रति सचेततासहित भाषाको शिष्ट प्रयोग
७. भाषिक प्रकार्यका आधारमा सन्दर्भगत भाषाको प्रयोग
८. दैनिक व्यवहारका लागि आवश्यक मानक भाषाको प्रयोग
९. सिर्जनात्मक तथा समालोचनात्मक सिपको उपयोग गरी भाषिक सञ्चार र समस्या समाधान

कक्षागत सिकाइ उपलब्धि (कक्षा ५)

(क) पढाइ

सिकाइ उपलब्धि	सिकाइ उपलब्धिको विस्तृतीकरण
१. लिखित सामग्रीलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न	१.१ पद्य पाठलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न १.२ गद्य पाठलाई गति, यति, हाउभाउसहित शुद्ध र स्पष्टसँग वाचन गर्न १.३ विभिन्न विधाका पाठ आशयअनुसार चिह्नको ख्याल गरी पढ्न १.४ विभिन्न विधाका पाठ पूर्वानुमान र पश्चानुमान गर्न सक्ने गरी पढ्न
२. अरूलाई बताउन सक्ने गरी विषयवस्तु पढ्न	२.१ आफूले पढेका विषयवस्तु व्यक्त गर्न २.२ पाठमा प्रयुक्त पात्रको परिचय बताउन २.३ पढेका विषयवस्तुको सार बताउन
३. पाठमा पढेका विषयवस्तुको मौखिक उत्तर दिन	३.१ निर्धारित पाठ पढी मौखिक अभिव्यक्ति दिन ३.२ निर्धारित पाठ वा अंश पढी सन्दर्भ र परिवेशमा आधारित प्रश्नोत्तर गर्न ३.३ पाठगत, शैलीगत र अनुमानात्मक प्रश्नको उत्तर दिन ३.४ पढेका विषयवस्तुका बारेमा प्रश्न निर्माण गर्न
४. पाठका प्रयुक्त नयाँ शब्दको अर्थ बुझ्ने गरी पढ्न	४.१ पाठमा प्रयुक्त नयाँ शब्द पहिचान गर्न ४.२ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बोध गर्ने गरी पढ्न ४.३ शब्दभण्डार वृद्धि गर्ने गरी विभिन्न पाठ पढ्न ४.४ पाठगत संरचना बोध गर्ने गरी पढ्न
५. मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न	५.१ मुद्रित तथा विद्युतीय सामग्री पढेर विषयवस्तु बोध गरी आशय बताउन ५.२ भित्तेपात्रो पढी सूचना वर्णन गर्न ५.३ बाल सामग्रीहरू रुचिपूर्वक पढ्न ५.४ चिठी, पत्रपत्रिका, विज्ञापन र निमन्त्रणा पढेर विषयवस्तु बोध गर्न ५.५ चिठी र निमन्त्रणा पत्रको ढाँचा बोध गर्न

(ख) लेखाइ

सिकाइ उपलब्धि	सिकाइ उपलब्धिको विस्तृतीकरण
१. विषयवस्तुको लिखित वर्णन गर्न	१.१ दिइएका विषयमा लिखित वर्णन गर्न १.२ आफूलाई मन पर्ने विषयमा स्वतन्त्र लेखन गर्न १.३ निर्दिष्ट विषयमा अनुच्छेद लेखन गर्न
२. लेख्य चिह्न र हिज्जे मिलाई शुद्धसँग अनुलेखन र श्रुतिलेखन गर्न	२.१ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेदको अनुलेखन गर्न २.२ लेख्य चिह्न र वर्णविन्यास मिलाई अनुच्छेदको श्रुतिलेखन गर्न २.३ दिइएका बुँदाका आधारमा निर्देशित लेखन गर्न २.४ पूर्णविराम, प्रश्नवाचक, योजक, अल्पविराम, उद्धरण र विस्मयादिबोधक चिह्न प्रयोग गरी वाक्य वा अनुच्छेद लेख्न
३. आफूले सुनेका, देखेका र अनुभव गरेका घटनाको लिखित वर्णन गर्न	३.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना र विषयवस्तुको लिखित वर्णन गर्न ३.२ वाक्य गठन र सङ्गति मिलाई विषयवस्तुको वर्णन गर्न ३.३ पढेका विषयवस्तुबाट नयाँ शब्द सङ्कलन गरी वाक्यमा प्रयोग गर्न
४. संरचना बोध गरी व्यावहारिक रचना तयार गर्न	४.१ घरायसी चिठी, निमन्त्रणा र निवेदनको ढाँचा अनुकरण गर्न ४.२ घरायसी चिठी र निवेदन लेख्न
५. पदसङ्गति मिलाई वाक्य र अनुच्छेद लेख्न	५.१ लिङ्ग, वचन, पुरुष र आदर मिले नमिलेका वाक्य पहिचान गर्न ५.२ लिङ्ग, वचन, पुरुष र आदर प्रयोग गरी वाक्य लेख्न ५.३ लिङ्ग, वचन, पुरुष र आदर प्रयोग गरी अनुच्छेद लेख्न ५.४ वाक्यमा लिङ्ग, वचन, पुरुष र आदर परिवर्तन गर्न
६. भाषिक संरचनाको समुचित प्रयोगसहित पाठ रचना गर्न	६.१ अनुच्छेदमा प्रयुक्त नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पहिचान गर्न र वाक्य वा अनुच्छेद रचना गर्न

सिकाइ उपलब्धि	सिकाइ उपलब्धिको विस्तृतीकरण
	६.२ काल, पक्ष, करण र अकरणका आधारमा वाक्य तथा पाठको रचना गर्न ६.३ सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न ६.४ कारक र विभक्तिको पहिचान र प्रयोग गर्न
७.१ निर्देशित, अनुकरणात्मक र स्वतन्त्र रचना गर्न ७.२ सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग गरी भाषिक सञ्चार र समस्या समाधान गर्न	७.१ कुनै विषयमा निर्देशित लेखन (गद्य र पद्य) गर्न ७.२ कुनै विषयमा अनुकरणात्मक लेखन गर्न ७.३ कुनै विषयमा स्वतन्त्र लेखन गर्न ७.४ पढेका पद्यांश गद्यमा रूपान्तरण गर्न ७.५ निर्धारित घटना, विषयवस्तु र सन्दर्भका आधारमा समस्या, कारण र निष्कर्ष टिपोट गर्न ७.६ मौखिक तथा लिखित अभिव्यक्तिमा निहित त्रुटि पहिचान गरी सच्याएर लेख्न

भाषिक विषयवस्तुको क्षेत्र, मापदण्ड र स्तर

प्रस्तुत ढाँचा कक्षा ५ पूरा गरेका विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) का लागि तयार पारिएको हो । उक्त विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धि विश्लेषणको आधारस्वरूप यो ढाँचा तयार गरिएको छ । यो ढाँचा पढाइ र लेखाइसँग सम्बद्ध सक्षमता परीक्षण एवम् विश्लेषणका आधारमा मात्र तय गरिएको हो । निर्धारित आधार तथा उपलब्धिको सिपगत स्तरअन्तर्गत माथिल्लो स्तरमा तल्लो तहका सक्षमता समेटिएका छन् ।

यस उपलब्धि परीक्षणमा पढाइ र लेखाइका सिप मात्र परीक्षण गरिने भएकाले यसमा सुनाइ र बोलाइका सिपसम्बन्धी क्षेत्र तथा स्तर समावेश गरिएका छैनन् । यो विद्यार्थी सिकाइ उपलब्धि परीक्षण प्रयोजनका लागि पढाइ र लेखाइका क्षेत्रबाट परीक्षा साधन निर्माण गरी सिकाइ उपलब्धि परीक्षण गर्ने गरी स्तर निर्धारणको आधार तयार गरिएको छ ।

शब्दभण्डार, व्याकरण तथा वर्णविन्यासलाई अलग्गै विषयवस्तुका रूपमा समावेश नगरी पढाइ र लेखाइका क्षेत्रमै समावेश गरिएको छ । उल्लिखित भाषिक सक्षमता स्तरका आधारमा पाठ्यक्रमद्वारा निर्दिष्ट विषय तथा पाठ्यवस्तु क्षेत्र र भाषिक सिपगत सिकाइस्तरको विस्तृत विवरण तयार पारिएको छ । यसको खाका तलको तालिकामा प्रस्तुत गरिएको छ ।

कक्षा ५ को नेपाली विषयको सिकाइ उपलब्धिको लागि स्तर र तिनको व्याख्या

पढाइ

आधार	स्तर र तह	सक्षमता	सक्षमताको व्याख्या
१. विभिन्न विषयक्षेत्रमा आधारित आख्यानात्मक अनुच्छेदको बोध २. विभिन्न विषयवस्तुमा आधारित निबन्धात्मक अनुच्छेदको बोध ३. संवादात्मक/संस्मरण/दैनिकीसँग सम्बन्धित अनुच्छेदको बोध ४. सूचना/भित्तेपात्रो/तालिका	न्यून आधारभूत सक्षमता (Below-basic) तह १	अनुच्छेदमा रहेका विषयवस्तुको न्यूनतम बोध	• अनुच्छेदबाट वस्तु, स्थान, व्यक्तिसँग सम्बन्धित एउटै वाक्यमा रहेका प्रत्यक्ष सूचना ठम्याउन • घटनाको पहिचान तथा क्रम मिलान गर्न • चित्र, तालिका तथा नक्साको सन्देश बोध र विषयवस्तुप्रति वस्तुपरक प्रतिक्रिया दिन
	आधारभूत सक्षमता (Basic) तह २	अनुच्छेदमा रहेका प्रमुख घटना र मुख्य सूचना बोध	• एउटै अनुच्छेदको दुई वा दुइभन्दा बढी वाक्यमा छरिएर रहेका सूचनालाई पहिचान गर्न • पाठमा प्रयुक्त सूचनाको आशय बोध गर्न • घटनाको पहिचान, क्रम मिलान र अनुमान गर्न • वाक्यको आशय, सूचना र संरचना बोध गर्न • विचारको आंशिक रूपमा विश्लेषण गर्न • चित्र, नक्सा, तालिका र चार्टको सूचना, सन्देश र साङ्ख्यिकी पहिचान गरी प्रतिक्रिया दिन
	प्रवीणता (Proficient) तह ३	अनुच्छेदमा रहेका प्रमुख घटना र मुख्य सूचना	• विभिन्न अनुच्छेदमा छरिएर रहेका सूचना पहिचान गर्न • पाठको उद्देश्य र आशय बोध गर्न • घटनाको पहिचान, क्रम मिलान गर्न • सूचनाको संश्लेषण तथा तर्कपूर्ण विश्लेषण गर्न

आधार	स्तर र तह	सक्षमता	सक्षमताको व्याख्या
(कक्षा तालिका, परीक्षा तालिका, साप्ताहिक खाजा तालिका आदि) को बोध		बोध गरी विश्लेषण	• चित्र, तालिका, नक्सा, चार्टको सूचना, आशय र तथ्याङ्क विश्लेषण गर्न
	विशिष्ट (Advanced) तह ४	• अनुच्छेदमा रहेका प्रमुख घटना र मुख्य सूचना बोध गरी स्तरीय विश्लेषण	• अनुच्छेदमा स्पष्ट रूपमा उल्लेख नभएको तर सङ्केतको आधारमा मात्र सूचना तथा जानकारीलाई संश्लेषण गरेर आधारभूत निष्कर्ष निकाल्न • पाठमा प्रयुक्त मुख्य भाव र आशय बोध गर्न, घटना पहिचान, तार्किक अनुमान र जिज्ञासामूलक प्रश्नको समाधान गर्न • पाठको उद्देश्यसहितको निष्कर्ष निकाल्न र सूचनाको भाव बुझी विश्लेषण र संश्लेषण गर्न • चित्र नक्सा, तालिका र चार्टको निष्कर्ष, सार, समानता वा भिन्नता पहिचान गर्न • उदाहरणसहित तार्किक प्रतिक्रिया दिन

लेखाइ

आधार	स्तर र तह	सक्षमता	सक्षमताको व्याख्या
१. व्यावहारिक लेखन (निवेदन र घरायसी चिठी) २. निर्देशित (कथा, जीवनी, संवाद) लेखन ३. स्वतन्त्र लेखन (अनुच्छेद)	न्यून आधारभूत सक्षमता (Below-basic) तह १	तोकिएको संरचना र विषयवस्तुको न्यूनतम अभिव्यक्ति	• चिठी र निवेदन आदि भेद नछुट्याई लेख्न । • निर्देशित बुँदाका आधारमा क्रियापद मात्र राखी कथा, जीवनी, संवाद तयार गर्न • स्वतन्त्र शीर्षकमा आधारित ५/६ वाक्यमा अनुच्छेद लेख्न
	आधारभूत सक्षमता (Basic) तह २	तोकिएको संरचना र विषयवस्तुको आंशिक अभिव्यक्ति	• सामान्य ढाँचामा चिठी र निवेदन लेख्न • निर्देशित बुँदाका आधारमा सन्दर्भसहित कथा, जीवन, संवाद तयार गर्न • स्वतन्त्र शीर्षकमा आधारित भई ८/१० वाक्यमा अनुच्छेद लेख्न
	प्रवीणता (Proficiency) तह ३	तोकिएको संरचना र विषयवस्तुका लागि आवश्यक तत्त्वको संयोजनसहितको अभिव्यक्ति	• ढाँचासहित चिठी र निवेदन लेख्न • निर्देशित बुँदाका आधारमा आदि, मध्य र अन्त्यको संरचनासहित कथा, जीवनी, संवाद तयार गर्न • आदि, मध्य र अन्त्यको संरचनामा अनुच्छेद लेख्न
	विशिष्ट (Advanced) तह ४	• तोकिएको कक्षास्तरको क्षमताको विश्लेषणात्मक अभिव्यक्ति	• ढाँचासहित मौलिक चिठी र निवेदन लेख्न • निर्देशित बुँदाका आधारमा आदि, मध्य र अन्त्यको संरचनासहित मौलिक कथा, जीवनी, संवाद तयार गर्न • आदि, मध्य र अन्त्यको संरचनामा मौलिक अनुच्छेद लेख्न

संज्ञानात्मक क्षेत्र र संज्ञानात्मक क्षेत्रका अङ्कभार

शिक्षण सिकाइको प्रक्रियाद्वारा विद्यार्थीमा संज्ञानात्मक क्षेत्रका विभिन्न तहका क्षमता विकास भए नभएको मापन गर्न परीक्षण साधन तथा प्रश्नले संज्ञानात्मक क्षेत्रका सबै तहलाई समेटेको हुनुपर्छ । ब्लुमको पुरानो वर्गीकरणमा उल्लेख गरिएअनुसार संज्ञानात्मक क्षेत्रका सामर्थ्यलाई ज्ञान, बोध, प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन गरी ६ तहमा वर्गीकरण गरेका थिए । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेका विगतका विद्यार्थी सिकाइ उपलब्धि राष्ट्रिय परीक्षण (२०११, २०१२, २०१३ र २०१५) मा उल्लिखित ६ वर्गीकरणलाई आधार मानी ज्ञान, बोध र प्रयोग र विश्लेषण, संश्लेषण र मूल्याङ्कनलाई उच्च दक्षतामा राखी चार तहका प्रश्न निर्माण गरी नतिजा पनि तदनुरूप विश्लेषण गरिँदै आएको छ । यसमा ब्लुमको परिमार्जित वर्गीकरणका ६ सम्झाइ (Remembering), बुझाइ (Understanding), प्रयोग (Applying), विश्लेषण (Analysis), मूल्याङ्कन (Evaluating) र सिर्जना (Creating) तहमध्ये सम्झना (ज्ञान), बोध (बुझाइ), प्रयोग/व्याहारिक लेखन गरी तीन तहलाई यथावत् समावेश गरी बाँकी तीन तहलाई उच्च दक्षताका रूपमा वर्गीकरण गर्ने र सोही ४ तहका परीक्षण साधन तथा प्रश्न निर्माण गर्नेगरी प्रस्ताव गरिएको छ । यिनै वर्गीकरणलाई आधार मानी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणमा निम्नानुसार ४ तहका निम्नलिखित भारअनुसारका प्रश्न विकास गरिएको छ ।

कक्षा ५ को नेपालीमा संज्ञानात्मक क्षेत्रका अङ्कभार

संज्ञानको तह	**अङ्कभार**
ज्ञान (सम्झना/प्राप्ति)	२२%
बोध/एकीकरण	४४%
प्रयोग/व्यावहारिक लेखन	११%
उच्च दक्षता (तार्किक क्षमता/प्रत्यावर्तन)	२३%
जम्मा	**१००%**

प्रश्नको विकासका लागि विशिष्टीकरण तालिका

क्र. स.	भाषिक सिप	विधागत स्रोत	विषयक्षेत्र	प्रश्न प्रकृति	प्रश्नका तह	प्रश्न सङ्ख्या	पूर्णाङ्क	जम्मा पूर्णाङ्क
१.	पढाइ	आख्यानात्मक अनुच्छेद २०० शब्दसम्म	लोककथा/सामाजिक कथा/पौराणिक कथा	बहुवैकल्पिक प्रश्न	ज्ञान	२	२	६
					बोध	२	२	
				एक वाक्यमा उत्तर आउने प्रश्न	बोध	२	२	
		निबन्धात्मक अनुच्छेद २०० शब्दसम्म	सामाजिक/विज्ञान प्रविधि/शिक्षा/स्वास्थ्य/कृषि/ खेलकुद/वातावरण/प्रकृतिपरक	बहुवैकल्पिक प्रश्न	ज्ञान	२	२	६
					बोध	२	२	
				एक वाक्यमा उत्तर आउने प्रश्न	बोध	२	२	
		संवादात्मक/संस्मरण /दैनिकीसँग सम्बन्धित अनुच्छेद २०० शब्दसम्म	सामाजिक/विज्ञान प्रविधि/शिक्षा/स्वास्थ्य/कृषि/ खेलकुद/वातावरण/प्रकृतिपरक	बहुवैकल्पिक प्रश्न	ज्ञान	२	२	६
					बोध	२	२	
				एक वाक्यमा उत्तर आउने प्रश्न	बोध	२	२	
		सूचना/भित्तेपात्रो/ तालिका (कक्षा तालिका, परीक्षा तालिका, साप्ताहिक खाजा तालिका आदि)	सामाजिक/विज्ञान प्रविधि/शिक्षा /स्वास्थ्य/कृषि/खेलकुद/वातावरणसँग सम्बन्धित समसामयिक र तथ्यपरक विषयवस्तु	बहुवैकल्पिक प्रश्न	ज्ञान	२	२	६
					बोध	२	२	
				एक वाक्यमा उत्तर आउने प्रश्न	बोध	२	२	

क्र. स.	भाषिक सिप	विधागत स्रोत	विषयक्षेत्र	प्रश्न प्रकृति	प्रश्नका तह	प्रश्न सङ्ख्या	पूर्णाङ्क	जम्मा पूर्णाङ्क
२.	लेखाइ	व्यावहारिक लेखन	घरायसी चिठी र निवेदन	स्वतन्त्र रचना	प्रयोग/ व्यावहारिक सिप	१	४	४
		निर्देशित लेखन	कथा/जीवनी/संवाद	निर्देशित रचना	उच्च दक्षता	१	४	४
		स्वतन्त्र लेखन (अनुच्छेद) १०० शब्दसम्म	(क) वस्तुपरक शैली : विज्ञान प्रविधि/शिक्षा/स्वास्थ्य/कृषि/खेलकुद/ वातावरण/प्रकृति/सञ्चार **वा** (ख) आत्मपरक शैली :अनुभव/संस्मरण	स्वतन्त्र रचना	उच्च दक्षता	१	४	४
		जम्मा				**२७**	**३६**	**३६**

नोट : पठनबोधका प्रश्न विकास गर्दा बहुवैकल्पिक प्रश्न र एक वाक्यमा उत्तर आउने प्रश्नमा एकदुईओटा प्रश्न थप गर्न सकिने छ।

प्रश्नको विशिष्टीकरण (Specification of Items)

दिइएको विशिष्टिकरण तालिकामा विषयवस्तुको क्षेत्र, मापदण्ड, भार प्रतिशत, प्रश्नका सङ्ख्या र प्रकार, अङ्कको विभाजन र विभिन्न ४ स्तरमा प्रश्नको विभाजन प्रस्तुत गरिएको छ ।

कक्षा ५ को उपलब्धि परीक्षणका लागि प्रश्नको विशिष्टिकरण

विषयवस्तुको क्षेत्र (Content domain)	**भार (Weightage)**	**जम्मा पर्णाङ्क (Total Marks)**	**विभिन्न स्तरमा अङ्क विभाजन (Weightage for items of various standards)**
पढाइ	६७ %	२४	प्रत्येक स्तरको भार देहायको प्रतिशतको नजिक हुने छ । तह १ : २२% तह २ : ४४% तह ३ : ११% तह ४ : २३%
लेखाइ	३३ %	१२	
जम्मा	१०० %	३६	

तालिकामा दिइएको विभिन्न स्तरको भार प्रारम्भिक मात्र हो । वास्तविक भारको गणना विद्यार्थीको उत्तर समेतलाई आधार मानी स्तर निर्धारणसम्बन्धी विधिमध्ये कुनै एक विधि प्रयोग गरी प्रत्येक स्तरको न्यूनतम अङ्क निर्धारणबाट गर्नुपर्ने छ । माथि सुझाव गरिएको वर्गीकरण र भारले एकातिर प्रत्येक स्तरका लागि प्रश्न छनोट गर्न सहयोग गर्छ । प्रश्नपत्र विकास र छनोट गर्दा ४ ओटा स्तरका साथै संज्ञानात्मक क्षेत्रको समेत प्रतिनिधित्व हुनु आवश्यक छ ।

नमुना प्रश्न

विषय : नेपाली **कक्षा : पाँच** **समय : २ घण्टा**

१. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

रेसम धागो उत्पादनका लागि गरिने खेतीलाई रेसम खेती भनिन्छ । रेसम खेतीका लागि रेसम किरा पालिन्छ । रेसम धागो रेसम नामको किराको च्यालबाट बन्छ । रेसमको मुख्य आहार किम्बु मानिन्छ । किम्बु नपाइने चार ठाउँमा यो खेती गर्न कठिन हुन्छ । रेसमको जीवनचक्रमा अन्डा, लार्भा, प्युपा र वयस्क वा पुतली गरी ओटा अवस्था हुन्छन् । नेपालमा यसको अन्डा उत्पादन रेसम विकास केन्द्रले गर्छ । कृषकले त्यहींबाट अन्डा किनेर लान्छन् र उपयुक्त घर वा कोठाभित्र राख्छन् । त्यस्तो कोठा ओसिलो तर न्यानो हुनुपर्छ । अन्डाबाट १३ वा १४ दिनमा लार्भा निस्कन्छ । उक्त लार्भालाई किम्बुका पात वा डाँठ काटेर खुवाउनुपर्छ । लार्भाबाट प्युपा बन्नुअगाडि यसले मुखबाट एक प्रकारको च्याल निकाल्दै वरिपरि घुम्छ र एउटा डल्लो बनाउँछ । हावाको स्पर्श पाएपछि उक्त च्याल रेसामा परिणत हुन्छ । रेसम किरा त्यो डल्लोभित्र बसेर सुरक्षित हुन्छ । रेसम धागो निकाल्ने क्रममा उक्त डल्लो तातोपानीमा डुबाउनुपर्छ । तातोपानीमा डुबेपछि रेसम किरा मर्छ । यसपछि रेसालाई प्रशोधन गरी रेसमको धागाका रूपमा उपयोग गरिन्छ । सबैभन्दा पहिले वि.सं. २०३२ मा काभ्रे जिल्लाको खोपासीमा रेसम फार्मको स्थापना गरिएको थियो । त्यसपछि मात्र नेपालमा रेसम खेती सुरु भएको मानिन्छ । हाल नेपालका १२ जिल्लालाई रेसम खेतीको पकेट क्षेत्र मानिन्छ । तिनमा इलाम, धनकुटा, सुनसरी, धनुषा, चितवन, काठमाडौँ, काभ्रे, धादिङ, तनहुँ, कास्की, स्याङ्जा र पाल्पा जिल्ला पर्छन् । यसका अतिरिक्त रेसम खेती हुने अन्य स्थान पहिचान गरी यसलाई थप व्यावसायिक बनाउनु आवश्यक छ ।

दिइएका विकल्पमध्ये सही उत्तरमा ठिक (√) चिह्न लगाउनुहोस् :

(क) रेसमको अन्डाबाट के बन्छ ? **(१)**

(अ) पुतली (आ) लार्भा

(इ) प्युपा (ई) रेसा

(ख) रेसम किरा डल्लाभित्र किन बस्छ ? **(१)**

(अ) रेसा बनाउन (आ) अन्डा पार्न

(इ) लार्भा बनाउन (ई) सुरक्षित रहन

(ग) रेसम किराको लार्भा मर्नुको कारण के हो ? **(१)**

(अ) डल्लो तातोपानीमा डुबाइनु

(आ) किसानले रेसा निकाल्नु

(इ) डल्लो भित्र गुम्सिनु

(ई) न्यानो कोठा उपलब्ध नहुनु

(घ) धागो उत्पादन गर्ने रेसम किरा कुन अवस्थासम्म बाँच्न पाउँछ ? **(१)**

(अ) अन्डा (आ) लार्भा

(इ) प्युपा (ई) वयस्क

दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(ङ) रेसम किरा किन पालिन्छ ? **(१)**

.....

(च) नेपालमा रेसम खेतीको सुरुआत कहिले भएको हो ? **(१)**

.....

(छ) रेसम पालनका लागि कस्तो कोठा उपयुक्त हुन्छ ? **(१)**

.....

२. दिइएका बुँदाका आधारमा कथा रचना गर्नुहोस् : **(४)**

- कुनै भिरमा ढुङ्गो र माटाको डल्लो मिलेर बस्नु
- माटो र ढुङ्गालाई एकअर्काबाट सहारा मिल्नु
- एक रात ठुलो पानी पर्नु
- माटाले ढुङ्गालाई समातेर र ढुङ्गाले माटालाई थिचेर राखेर दुबै जोगिनु
- यसले गर्दा दुबै जोगिन सफल हुनु
- एक पटक ती दुबैमा 'तँभन्दा म ठुलो' भन्ने घमन्ड चढ्नु र असहयोगी बन्नु
- एक दिन फेरि घनघोर वर्षा हुँदा माटालाई पानीले बगाउनु र ढुङ्गो पल्टेर फुट्नु
- घमन्डले नाश गर्ने र एकतामै बल हुने सन्देश

३. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

कुनै गाउँमा अनौठा जमिनदार थिए । उनलाई रमाउन मात्र बढी मन लाग्थ्यो । त्यहाँका कलाकार, उद्योगी, व्यापारी, प्रशासकलगायत अन्य मानिस जमिनदारलाई खुसी पार्न चाहन्थे । त्यसैले उनको घर जान सबै मानिस रहर गर्थे । जमिनदार नाच्ने, गाउने, बाजा बजाउने जस्ता कला क्षेत्रका मान्छेलाई प्रोत्साहन गर्थे । उनले समय समयमा ती मान्छेलाई घरमा बोलाउँथे र कला देखाउन लगाउँथे । त्यस वेला उनी कलाकारलाई खुब फुर्क्याउँथे । आफ्नो ५५औँ जन्मदिनका उपलक्ष्यमा उनले आफ्नो घरमा वाद्यवादन र गायनका कार्यक्रम राखे । उनले कलाकारलाई घरमा झिकाए । कलाकार पनि खुसी भएर उनका घरमा गए । गायकहरूले लोकदोहोरी, आधुनिक र पप शैलीका गीत गाए । बाजा बजाउनेले पनि मादल, मुरली, गितार, बिनायो, ड्रमसेट जस्ता बाजा बजाए । मुरली बजाउनेतिर जमिनदारले निकै ध्यान दिए । उनी त्यसका पारखी नै थिए । कलाकारहरूले प्रस्तुति गर्दा जमिनदारले उनीहरूलाई धेरै पैसा र सुन दिन्छु भन्दै अझ राम्रो गर भन्थे । कलाकारहरू अर्को प्रस्तुति गर्थे । जमिनदारले कलाकारलाई धेरै जग्गाजमिन दिन्छु,

अझ राम्रो गर भन्थे । यसरी कार्यक्रमभरि जमिनदारले कलाकारलाई हौस्याए । कार्यक्रम सकिएपछि कलाकारलाई मिठा मिठा परिकार खुवाए । हिँड्ने वेलामा कलाकारले जमिनदारलाई आफ्नो वचन पूरा गर्न अनुरोध गरे । जमिनदारले बितेका कुरा मैले बिर्सिएँ भनेर टार्न खोजे । जमिनदारको त्यस्तो व्यवहार देखेर कार्यक्रममा आएका दोहोरी गायकले फेरि गीत गाए । उनीहरूले हाँसो मजाक मात्र नगरी आफ्नो वचनमा प्रतिबद्ध हुनुपर्ने सन्देशसहितको गीत गाए । गीत सुनेपछि जमिनदार एकछिन सोच्न बाध्य भए । अन्त्यमा जमिनदारले आफ्नो वचन पूरा गरे अनि कलाकार खुसी भएर फर्किए ।

दिइएका विकल्पमध्ये सही उत्तरमा ठिक (√) चिह्न लगाउनुहोस् :

(क) जमिनदारको गाउँमा कसले प्रोत्साहन पाउँथ्यो ? **(१)**

(अ) उद्योगी (आ) व्यापारी

(इ) प्रशासक (ई) कलाकार

(ख) जमिनदारको जन्मदिनमा कुन कार्यक्रम राखिएको थियो ? **(१)**

(अ) गायन (आ) नाटक

(इ) नृत्य (ई) खेलकुद

(ग) जमिनदार कुन बाजाका पारखी थिए ? **(१)**

(अ) मुरली (आ) मादल

(इ) गितार (ई) बिनायो

(घ) जन्मदिनमा आएका कलाकारले अन्तिममा कुन गीत गाए ? **(१)**

(अ) आधुनिक (आ) दोहोरी

(इ) रक (ई) पप

दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(ङ) मानिस जमिनदारको घरमा जान किन रहर गर्थे ? **(१)**

.....

.....

(च) जमिनदारलाई के गर्न मन लाग्थ्यो ? **(१)**

.....

.....

(छ) जमिनदार किन सोच्न बाध्य भए ? **(१)**

.....

४. दिपेश कक्षा ५ मा पढ्छन् । उनको कक्षामा कसैको जन्मदिन परेमा साथीहरूले जन्मदिनको शुभकामना पत्र निर्माण गरेर दिन्छन् । साथीहरूले उत्तरोत्तर प्रगति, सुस्वास्थ्य र दीर्घायुको कामना गर्छन् । यसले कक्षाका साथीहरूका बिचमा मित्रता झनै बढेर जान्छ । तपाईंले पनि आफ्नो कक्षाका मिल्ने साथीको जन्मदिन परेको अवसरमा साथीलाई दिन एउटा शुभकामनापत्र तयार पार्नुहोस् । **(४)**

.....

.....

.....

.....

५. दिइएको संवाद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

खेलकुद सप्ताहको तयारी

(विद्यालयमा अर्को साता खेलकुद सप्ताह हुने भएको छ । पाँच कक्षाकी कक्षा शिक्षक रमाले त्यस कक्षाबाट विभिन्न खेल र खेलाडीको अन्तिम टुङ्गो लगाउने जिम्मेवारी पाउनुभएको छ । उहाँले त्यस कक्षाका विद्यार्थी प्रतिनिधि किशोर र योगितालाई बोलाएर कुराकानी गर्दै हुनुहुन्छ ।)

रमा : नमस्कार ! मैले तपाईंहरूलाई खेलकुद सप्ताहका लागि जिम्मेवारी दिएकी थिएँ । तयारी कस्तो चल्दै छ त, हिजोअस्ति सल्लाह गरेअनुसार नै हुँदै छ नि ?

किशोर र योगिता : नमस्कार गुरुआमा !

